हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १९६ पृष्ठ : ४ २०७७ फाल्गुन ०४ गते मंगलबार (Tuesday 16 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

# आयोडिनयुक्त नुनको प्रयोगमा वृद्धि



**लहान ।** सिरहाका सीमावर्ती क्षेत्रमा सरकारी अनुदानको आयोडिनयुक्त नुन सहजै पाउन थालेपछि यसको प्रयोग गर्नेहरूको संख्यामा वृद्धि भएको छ ।

आयोडिनयुक्त नुनको महत्व र फाइदाबारे व्यापक प्रचारप्रसारसँगै सहजै आयोडिनयुक्त नुन पाउन थालेपछि सीमावर्ती ग्रामीण क्षेत्रमा ढिकेनुनको प्रयोग रोकिएको हो । पछिल्लो समय यस क्षेत्रका नागरिकमा दुई बालबालिकाको चिह्न भएको आयोडिनयुक्त नुनप्रति आकर्षण बढेको बरियापट्टी गाउँपालिका-४ का सरोजकुमार महतोले बताए । उनले भने, 'आयो नुनको फाइदाबारे थाहै थिएन, त्यसैले हामीले भारतीय ढिकेनुनको प्रयोग गर्दै आएका थियौँ, अब भने आयोडिनयुक्त नुनकै प्रयोग गर्न थालेका छौँ ।'

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड लहान शाखाले गाउँमै आयोडिनयुक्त नुनको महत्व, उपयोगिता र फाइदाबारे गाउँगाउँमा प्रचारप्रसार गरेर बिक्री गर्न थालेपछि यसप्रति उपभोक्ताको आकर्षण बढेको उनले बताए ।

आयोडिन नुन उपभोगले बालबालिकामा गलगाँड आउने, लाटो-लठेब्रो हुनेजस्ता शारीरिक समस्या कम हुँदै जान्छ भने मानसिक रूपमा फुर्तिलो, शारीरिक रूपमा स्वस्थ, स्मरण शक्तिको वृद्धिसँगै बालबालिकाहरूमा पढ्ने रूचिको विकास हुने हुँदा आयोडिनयुक्त नुनको प्रयोग बढ्दै गएको सखुवानन्कारकट्टी गाउँपालिकाका शम्भु यादवले बताए ।

उनले भने, 'करिब दुई वर्षअघिसम्म गाउँका अधिकांश व्यक्तिले भारतीय ढिकेनुनको प्रयोग गर्थे, तर अब अधिकांशले आयो नुनको प्रयोग गर्न थालिसकेका छन् ।' 'भारतीय सीमासँग जोडिएको सिराहाको बरियारपट्टी, औरही, भगवानपुर, सखुवानन्कारकट्टी गाउँपालिकालगायत स्थानमा भारतीय ढिकेनुनको प्रयोग बढी भइरहेको थियो,' साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड लहानका प्रमुख जितेन्द्र साहले भने, 'भारतीय नुन प्रयोग भइरहेको स्थानहरूमा आयोडिनयुक्त नुनको प्रचारप्रसार गरेपछि अहिले भारतीय नुनको प्रयोगमा करिब ९० प्रतिशत कमी आएको छ ।' स्थानीयवासीमा आयो नुनप्रति आकर्षण बढेसँगै

बाँकी ३ पेजमा

### काँग्रेसको देशभर विरोध सभा

# सिरहा कांग्रेसले धनगढीमा आयोजना गऱ्यो विरोध सभा







**लहान ।** प्रतिनिधि सभा विघटनविरूद्ध कांग्रेसले ७७ वटै जिल्लामा सोमबार विरोध सभा आयोजना गरेको छ । विरोध सभाका लागि कांग्रेसले ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधि खटाएको थियो ।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति सिरहाको आयोजनामा सोमबार धनगढीमाई नगरपालिका-१० मा विरोध सभा गरिएको थियो । गाउँ गाउँबाट आएका कांग्रेस कार्यकर्ताहरूले

बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट।

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोबाईल :- ९८०११५१४३८



Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

फेब्रुअरी महिना : आयोडिन महिना


February :Iodine Month
नुन थोरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# यसरी भएको थियो, संसद् पुनःस्थापना

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् भंग गराएको दुई महिना हुन लाग्यो । संविधानविपरीत भएको प्रतिनिधि सभा विघटनविरूद्ध सर्वोच्च अदालतमा परेको रिटमाथि बहस जारी छ । फैसला कस्तो आउने हो ? न्‍ कपाका आधिकारिकतासम्बन्धी विवादको टुङ्गो कसरी र कहिले लाग्ने हो ?

यस्तै अन्योलबीच घोषित मितिमा (वैशाख १७ र २७ गते) निर्वाचन हुन सक्छ वा सक्दैन भन्ने संशय कायमै छ । सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको छिट्टै किनारा लागे पनि दुई महिनाको अवधिमा चुनाव गराउने काम निर्वाचन आयोगका लागि अत्यन्त चुनौतीपूर्ण हुने विज्ञहरूको ठहर छ । प्रतिनिधि सभा विघटन सदर हुने तर चुनाव हुन नसक्ने परिस्थिति बनेमा त्यसले वर्तमान व्यवस्था र संविधानमाथि नै प्रश्न उठ्नुका साथै राजनीतिक अस्थिरता पनि निम्त्याउनेछ र लोकतान्त्रिक प्रणालीमै गम्भीर असर पर्ने डर छ ।

अतः वर्तमान संविधानको रक्षा र लोकतान्त्रिक प्रक्रियालाई सही बाटामा ल्याउन विघटित प्रतिनिधि सभा पुनःस्थापनाबाहेक अर्को विकल्प देखिँदैन ।

नेपाली राजनीतिमा हामीले पन्ध्र वर्षअघि पनि यस्तै स्थितिको अनुभव गरिसकेका छौँ । कुरा २०५९ सालको हो । नेपाली कांग्रेसभित्रको खिचातानी चरममा रहेका बेला तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले जेठ ८ गते मध्यरातमा संसद् विघटनको सिफारिस गरिदिए ।

त्यतिबेला राजा र प्रधानमन्त्रीको सल्लाह अनि योजनामा जनताको प्रतिनिधिमूलक संस्था संसद्को हत्या भएको थियो । यस प्रसंगमा राजाका तत्कालीन सैनिक सचिव विवेककुमार शाह आफ्नो पुस्तक 'मैले देखेको दरबार' (पृष्ठ १०६) मा लेख्छन् - राति राजा र प्रधानमन्त्रीबीच प्रतिनिधि सभा भंग गरी कात्तिक २७ गते निर्वाचनको मिति तोक्ने सहमति भयो । देउवाले राति नै आफ्नो कार्यालयबाट दरबारमा लेटरप्याड र स्ट्याम्प मगाए । लेटरप्याड आएपछि राजाका मुख्यसचिव पशुपतिभक्त महर्जनले प्रधानमन्त्रीको भाकामा प्रतिनिधि सभा भंग गरी चुनावको मिति तोक्न राजामा सिफारिस गरेको बेहोरा टाइप गराए । पत्रमा राजाको सामु प्रधानमन्त्री देउवाले हस्ताक्षर गरे । त्यहीँ राजाले संसद् विघटन गरी चुनावको मिति तोकेको बेहोरा तयार गरी सञ्चार माध्यममा पठाइयो ।

यस घटनाबारे राजनीतिक दलका नेताहरूले भने आफू र आफ्नो दल तात्कालिक लाभहानि हेरर धारणा राखे । प्रधानमन्त्री देउवा पक्ष त भङ्ग संसद् पुनःस्थापना हुन नसक्ने पक्षमा उभिने नै भयो । प्रमुख विपक्षी नेकपा (एमाले) पनि चुनावको पक्षमा उभियोकांग्रेस फुटेकाले आफ्नो बहुमत आउने आकलनका साथ ।

सत्तारूढ दल विभाजित भयो ।

दुवै पक्ष आरोप-प्रत्यारोपमा ओर्लिए । अहिलेको नेकपाजस्तै । सभापति कोइराला भन्ने गर्थे - मुलुकको संसदीय इतिहासमा श्री ५ बाट विनापरामर्श प्रतिनिधि सभा विघटनका लागि प्रधानमन्त्रीले गरेको सिफारिस तत्काल सदर गरिनुमा षड्यन्त्रको गन्ध छ । प्रधानमन्त्री देउवा षड्यन्त्रको गोटी बनेका छन् ।

कोइरालालाई जवाफ दिंदै (जेठ १४ गते) प्रधानमन्त्री शेरबहादुर देउवाले भनिदिए- देशमा दुईखाले आतंककारी छन् । जंगलमा माओवादी, पार्टीमा गिरिजा । माओवादीले आफूलाई समर्थन नगरे हातखुट्टा भाँच्छन् । गिरिजाप्रसादले उनलाई समर्थन नगर्नेलाई पार्टीबाट निकाल्छन् । यी दुवैमा कुनै अन्तर छैन ।

कांग्रेसभित्र सभापति गिरिजाप्रसाद कोइराला पक्षले विघटनविरूद्ध सर्वोच्च अदालतमा मुद्दा हाल्यो । मन्त्रिपरिषद्को निर्णयविनै विघटनको सिफारिस गरी प्रधानमन्त्रीले क्षेत्राधिकार नाघेको जिकिर मुद्दामा लिइएको थियो । तर, अदालतले प्रधानमन्त्रीको सिफारिस सदर गरिदियो । त्यसपछि प्रतिनिधि सभा पुनःस्थापना हुनसक्छ भन्ने सायद कसैलाई पनि लागेको थिएन । यस अवस्थामा कांग्रेस सभापति कोइरालामात्र पुनःस्थापनाको एजेन्डामा दृढ थिए । यस प्रसंगमा कोइरालाले लेखकलाई भनेका छन् - मैले संसद् पुनःस्थापनाको माग अघि सार्दा कसैको समर्थन थिएन । अमेरिका, बेलायत, भारत, चीन, युरोपियन युनियन सबैले भनेका थिए - अदालतले समेत अस्वीकृत गरेको मुद्दामा किन तिमी अडिएको ? हुँदै नहुने माग तिमीले अघि सारेका छौ भन्थे । तर, मेरो 'कन्भिक्सन'

**जगत नेपाल**

थियो प्रजातन्त्र जोगाउने हो भने त्यही एकमात्र विकल्प बाँकी छ । त्यसैले मैले पुनःस्थापनाको मुद्दा उठाई रहेँ ।

कोइरालाले लेखकसँग भनेका थिए - अरूको त कुरै छोडौँ, कांग्रेसकै साथीहरूसमेत जो अंग्रेजी जान्थे उनीहरू भन्थे —बूढो 'सेनाइल' भएछ । तराईका साथीहरू भन्थे —बूढवा सठाइ गयो ।

कोइराला संसद् पुनःस्थापनाको पक्षमा वकालत गर्दै देशभर पुगे । अर्कोतिर राजा ज्ञानेन्द्र दलहरूलाई जुधाएर प्रतिगमनलाई मलजल गर्ने मार्गचित्रमा अघि बढिरहे । नेपाल अधिराज्यको संविधान, (२०४७) को धारा १२७ मा टेकेर आफू खुसी सरकार बनाउने र विघटन गर्ने राजाको खेलमा मुलुक अल्भिरह्यो ।

संसद् विघटन नहुँदासम्म देउवा र दरबारको एउटै लाइन थियो - कोइरालालाई कमजोर बनाउने । तर सदन विघटन भएपछि राजाले २०५९ असोज १८ मा जननिर्वाचित देउवा सरकारलाई बर्खास्त गरी कार्यकारी अधिकार आफ्नो हातमा लिए । अनि राजाले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र फेरि देउवालाई प्रधानमन्त्री बनाए । दलहरूलाई खेलाउँदै आफ्नो अधिकार बढाउने दरबारको रणनीति २०६१ माघ १९ गते उत्कर्षमा पुग्यो । प्रधानमन्त्री देउवालाई बर्खास्त गरी राजा आफैँ मन्त्रिपरिषद्को अध्यक्ष भए ।

तत्कालीन देउवा सरकारका मन्त्री तथा वर्तमान उपप्रधानमन्त्री ईश्वर पोखरेल आफ्नो पुस्तक 'माघ १९' मा लेख्छन् - संसद् विघटनभित्रको दरबारिया षड्यन्त्रलाई हामीले देख्नै सकेनौं । त्यस प्रसंगमा हामी केबल संविधानको निर्जीव व्याख्यामात्र गर्न पुग्यौँ । त्यस बेला हामीले संसदीय निर्वाचनमा एमालेलाई बहुमत प्राप्त हुने आशा मनमा राखेर संसद् विघटनको घटनालाई बुझ्न र प्रस्तुत गर्ने खोज्यौँ । प्रतिगमनका भ्रुणहरू (जेनसिस) कसरी विकसित हुँदै



गएका थिए भन्ने कुरालाई हामीले त्यसबेला देख्नै सकेनौ, बुझ्नै चाहेनौ । अझ हामीहरूमध्ये कतिपयले त संसद् विघटनको विषयलाई स्वागत समेत गर्न पुग्यौँ । संसद् विघटन गर्न पाउने प्रधानमन्त्रीको विशेषाधिकारको आवरणलाई प्रयोग गरेर संसद् विघटन गराएपछि घोषित मितिमा निर्वाचन हुन नदिने आफ्नो कुटिल र प्रतिगामी योजनालाई राजाले अघि बढाएका थिए । यसका लागि राजाले सबै राजनीतिक दल, समूहमात्र होइन माओवादीसमेत गोटी बनाए ।

नेपाली राजनीतिलाई छ दशकदेखि नजिकबाट बुझ्केका कोइरालालाई दरबारले प्रजातन्त्र समाप्त गर्न सुनियोजित खेल खेलिरहेकोमा दुबिधा थिएन । त्यसैले आफ्नो राजनीति दाउमा राखेर उनले विघटित संसद्मा प्रतिनिधित्व गर्ने दललाई साथमा लिई विद्रोही माओवादीसँग दिल्लीमा १२ बुँदे सहमति गरे ।

त्यसैको बलमा २०६२—०६३ को जनआन्दोलन सुरू भयो ।

राजाको प्रतिगामी कदमविरूद्ध देशभर लाखौं जनता सडकमा ओर्लिए । अनि २०६३ वैशाख ८ गते राजाले शाही घोषणामार्फत आन्दोलनरत दलहरूलाई सरकार बनाउन आह्वान गरे । लगत्तै बीबीसी नेपाली सेवाले कांग्रेस नेता चक्र बास्तोलासँग प्रतिक्रिया माग्यो । उनले भनिदिए — 'टु लिटिल, टु लेट' । त्यसको भोलिपल्ट वैशाख ९ गते अमेरिकी राजदूत जेम्स एफ. मोरिआर्टीले कोइरालासहित आन्दोलनरत दलका नेताहरूलाई राजाको घोषणालाई निकास र मौका ठानेर अघि बढ्न सुझाव दिए ।

त्यसै दिन सात दलको बैठक स्थल कोइराला निवासमै पुगेर युरोपियन युनियनमा आबद्ध मुलुकका नेपालस्थित राजदूतहरू लाम लागेर पुगे र मोरियार्टीकै शब्दमा शाही घोषणालाई आधार मानेर सत्तामा जान दलहरूलाई सुझाव दिए ।

दलहरूले राजदूतहरूको सुझाव मानेनन् । बरू, जनताको चाहनाअनुरूप आन्दोलन अघि बढाउने घोषणा गरे । अनि २०६३ वैशाख १२ गते राजधानीको पूरै चक्रपथ मानव सागरले घेर्ने र आन्दोलनरत सातै दलका शीर्ष नेताहरूको नेतृत्वमा सातै दलका नेताले चक्रपथका प्रमुख स्थानमा सभा र भाषण गर्ने निर्णय भयो ।

राजाको शाही घोषणापछि आन्दोलन झनै चर्किएर गयो । राजधानीलगायत मुलुकभर सशक्त प्रदर्शन भयो । शाही सत्ता अप्ठेरोमा पर्‍यो । अनि निकासको बाटो खोज्न थाल्यो । संयुक्त राष्ट्रसंघका नेपाल स्थित प्रतिनिधि म्याथ्यु कहाने र भारतीय राजदूत शिवशंकर मुखर्जीमार्फत दलहरूसँग सम्पर्क गरी दरबारले शाही घोषणाको मस्यौदा बनाउने गृहकार्य शुरू गर्‍यो । कोइरालाका तर्फबाट कांग्रेस सहमहामन्त्री डा. रामशरण महतले समन्वय गरिरहेका थिए । एमाले महासचिव माधव नेपालसँग पनि दरवारले त्यसैगरी सोझै समन्वय गरिरहेको थियो ।

वैशाख १२ गते आन्दोलनरत सात संसद्वादी दलले चक्रपथ घेराउको कार्यक्रम राखेका थिए । तर, ११ गते राति नै शाही घोषणा गर्ने निष्कर्षमा दरबार पुग्यो । अनि राजाले महत्त्वपूर्ण सन्देशसहित मुख्यसचिव पशुपतिभक्त महर्जनलाई कोइराला निवास पठाए । त्यतिबेला महर्जनले कोइरालासँग भनेका थिए — सरकारबाट हुकुम भएको छ । यहाँहरूबाट जे जस्तो वक्तव्य तयार हुन्छ मौसुफ त्यसैअनुरूप अघि बढ्न तयार होइबक्सिन्छ ।

राति नै कांग्रेस र एमालेका नेताहरू राजाबाट वाचन हुने वक्तव्यको गृहकार्य गर्न थाले । अन्त्यमा कोइरालाले भने —यहाँबाट पठाइएको मस्यौदामा 'कमा र फुलस्टप' पनि परिवर्तन भयो भने हामीलाई स्वीकार्य हुनेछैन । महर्जनले भने—विश्वास गरिबक्सियोस् हजुर कुनै फेरबदल हुनेछैन ।

अनि कोइरालाको निवासमा शाही घोषणाको मस्यौदालाई अन्तिमरूप दिइयो । राति नै कांग्रेस प्रवक्ता अर्जुननरसिंह केसीले २०४६ को जनआन्दोलनपछि बनेको अन्तरिम सरकारका मन्त्री निलाम्वर आचार्यलाई कोइराला निवासबाटै फोन गरी ड्राफको मस्यौदा पढेर सुनाए ।

त्यही मस्यौदा राजाका मुख्य सचिव पशुपतिभक्त महर्जनले दरबार लिएर गए । कोइराला निवासमा तयार भएको त्यो मस्यौदा राजाले राति ११ बजेको शाही घोषणामा जस्ताको तस्तै पढे । यसरी विघटित प्रतिनिधिसभा पुनःस्थापना भएको थियो ।

कांग्रेस र एमाले नेताहरूले तयार पारेको वक्तव्य जस्ताको तस्तै पढ्न राजा वाध्य भएका थिए । थपिएका शब्दमा सुरुमा 'प्यारा देशवासीहरू' र अन्त्यमा 'श्रीपशुपतिनाथले हामी सबैको कल्याण गरून् । जय नेपाल' भन्नेमात्र थिए । ***साभार : बाह्रखरीबाट***

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । प्रेम र मित्रताको बन्धनमा रमाउने समय पनि छ ।

**वृष** :- आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**मिथुन**:- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । छोटो यात्राको सम्भावना पनि रहेको छ ।

**कर्कट** :- आज अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख पनि मिल्नेछ ।

**सिंह**:- विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

**कन्या** :- शुभारम्भको चर्चा चल्नेछ । भौतिक साधन जुटाउने समय छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । अतिथिको रूपमा सत्कार पाइएला ।

**तुला** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**वृश्चिक** :- विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । आधुरा कामसमेत सम्पादन हुनसक्छ ।

**धनु** :- अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर**:- आज रोकिएका काम पुनः सुरू हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । न्यायिक कार्यमा सफलता मिल्न सक्छ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**मिन** :- आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पूरा हुनेछन् ।

## आयोडिनयुक्त...

सिरहामा आयोडिनयुक्त नुनको माग पनि बढेको उनको भनाइ छ । प्रमुख साहका अनुसार दुई तीन वर्ष अघिसम्म सिराहामा वार्षिक ४०–४५ हजार बोरा आयो नुन खपत हुँदै आएकोमा पछिल्लो समय वार्षिक एक लाख बोरा आयो नुन खपत हुन थालेको छ ।'

आर्थिक वर्ष ०७५ र ७६ मा एक लाख दुई बोरा आयो नुन खपत भएकोमा आर्थिक वर्ष ०७६ र ७७ मा एक लाख पाँच सय बोरा आयो नुन बिक्री भएको प्रमुख साहको भनाइ छ ।

**फेब्रुअरी महिना भरि आयोडिन मन्थ**

प्रत्येक बर्ष अंग्रेजी क्यालेण्डर अनुसार फेब्रुअरी महिनालाई आयोडिन मन्थका रूपमा मनाउदै आएको छ । सोहीको निरन्तरता स्वरूप यस वर्ष पनि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड लहान शाखाले फेब्रुअरी महिनालाई आयोडिन मन्थका रूपमा मनाइरहेको छ । जसअनुरूप लहान शाखाले यसवर्ष सिरहाका सीमावर्ती क्षेत्रका १० वटा स्वास्थ्य चौंकीमा आयोडिनयूक्त नूनको प्रवर्द्धन तथा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उदेश्यले विविध प्रचारात्मक कार्यक्रम आयोजना गरिसकेको छ । त्यसैगरी सीमावर्ती क्षेत्रकैं १० वटा माध्यमिकस्तरका सामुदायिक विद्यालयका बालबालिकालाई लक्षित गरी प्रचारात्मक कार्यक्रम लहान शाखाले गरिरहेको छ ।

आयोडिनको कमीबाट हुने विकृति रोकथामका लागि जनचेतना जगाउने उदेश्यका साथ फेब्रुअरी महिनालाई आयोडिन मन्थका रूपमा मनाउने गरिएको हो । नेपालमा सन् १९९८ देखि हरेक फेब्रुअरी महिनालाई आयोडिन मन्थका रूपमा घोषणा गरी आयोडिन सम्बन्धी चेतनामूलक गतिविधि संचालन गरिदै आईएको छ ।

त्यसो त, जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुनाले नेपालमा नुनमा आयोडिन मिसाई प्रत्येक घर घरमा आयोडिनयुक्त नुनको पहुँच बिस्तारको नीति नेपाल सरकारले लिएको छ । आयोडिनको कमीबाट उत्पन्न हुने विभिन्न विकृतिहरू मध्ये सन् १९८५ र ८६ मा ४४.२ प्रतिशत रहेकोमा सन् २००७ मा ०.४ प्रतिशतमा झर्न गएको

*बाँकी ४ पेजमा*


## निःशुल्क आवासिय तालीमको सूवर्ण अवसर ! सीप सिकौं रोजगार बनौं !

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सक्षमता परियोजना सानोठिमी, भक्तपुर र यस लहान प्राविधिक शिक्षालय, लहान, सिरहा बीच सम्झौता भए अनुसार छोटो अवधिको सीपमूलक निःशुल्क आवासिय तालिम संचालन गर्न गईरहेकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुको लागी दरखास्त आव्हान गरिन्छ ।**

***तालिमका विषयहरु :***

| क्र.सं. | तालिमका विषयहरु | आवश्यक संख्या | तालिम अवधि | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | Brick Layer Mason L-I | २० जना | ३९० (घण्टा) | साधारण लेखपढ | |
| २. | Furniture Maker L-I | २० जना | | साधारण लेखपढ | |
| ३. | Building Painter L-I | २० जना | | न्यूनतम ५ कक्षा उत्तीर्ण | |
| ४. | Junior Plumber | २० जना | | साधारण लेखपढ | |

**तालिममा विशेषताहरू :**

- विपन्न, महिला तथा दलितलाई विशेष प्राथमिकता दिईनेछ ।
- तालिम पछि सीप परीक्षणको व्यवस्था गरिनेछ ।
- तालिम पछि रोजगारीका लागि सहजिकरण गरिनेछ ।
- आवासीय तालिम (खाना, बस्ने सुविधा समेत)

**फारम भर्ने सम्बन्धी विवरण :**

- १६ वर्ष उमेर पुगेको ।
- फारम वितरण र बुझाउने अन्तिम मिति : २०७७।१०।३० देखि २०७७।११।०९ गते सम्म ।
- अर्न्तवार्ता तथा नामावली प्रकाशन मिति : २०७७।११।१२ गते ।
- तालिम संचालन मिति : २०७७।११।१५ गते ।
- तालिम हुने स्थान : लहान प्राविधिक शिक्षालय लहान, सिरहा र शिक्षालयले तोके बमोजिम ।

**फारम साथ पेश गर्नुपर्ने कागजातहरू :**

- नागरिकता प्रमाण–पत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यता प्रमाण–पत्रको प्रतिलिपी ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।
- आर्थिक अवस्था कमजोर भएकाहरुले गा.पा./न.पा.को सिफारिस पत्र ।

***विस्तृत जानकारीको लागि :***

Lahan Technical School, Lahan, Siraha 1982

# लहान प्राविधिक शिक्षालय

**लहान, सिरहा**

**सम्पर्क फोन नं. : ०३३–५६३०१५, ९८४१६२७९१५**


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान– | ७०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

## आयोडिनयुक्त...

र भिजिबल गोईटर अर्थात गलगाँड निर्मुल भई सकेको छ । सन् २०१४ को नेपाल मल्टिपल इण्डिकेटर क्लस्टर सर्भे अनुसार ८१.५ प्रतिशत घर परिवारले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरेको पाईएको थियो । सन् २०१८ सम्ममा उचित मात्रामा आयोडिन भएको नून उपभोग गर्ने घर संख्या ९० प्रतिशत पु¥याउन प्रयास गरिएकोमा एनएनएमएच सर्वे अनुसार २०१६ मा नै ९१ प्रतिशत घर परिवारले सहि मात्रामा आयोडिन मिसाईएको नुन उपभोग गरेको पाइएको छ । त्यस्तै नेपाल सरकारले २०१६ मा नै गरेको एनडिएच सर्वे मुताबिक ९५.४ प्रतिशत बालबालिकाले उपर्युक्त मात्रामा आयोडिन भएको नुन उपभोग गर्ने गरेको पाईएको छ । त्यसो त पछिल्लो समय करिब करिब शत प्रतिशत घर परिवारमा आयोडिनयुक्त नुनको पहुँच पुगेको प्रक्षेपण हुँदै आएको छ । साल्ट ट्रेडिङद्वारा प्रबर्धित आयो, शक्ति, तेज र भानु ब्राण्डका नुनका प्याकेटमा दुई बालबालिकाको लोगो चिन्ह अंकित गरिएको छ । जसको अर्थ सहि मात्रामा आयोडिन मिसाईएको नुन हो भन्ने प्रमाण हो ।

आयोडिन मन्थमा विभिन्न अस्पताल, जनवास्थ्य चौकी, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी, विद्यालय, हाट बजार आदीमा कार्यक्रम गरिन्छ । आयोडिन मन्थमा कर्पोरेशनले आयोडिन सम्बन्धी सन्देश लेखिएको झोला, स्कुल झोला, टि–सर्ट, पम्पप्लेट, फेस मास्क सामग्री वितरण गर्ने तथा तुल तथा ब्यानर, र्याली, माईकिङ आयोडिन नुन सम्बन्धि जनचेतनामुलक सामग्री प्रचार प्रसार आदी कार्य गर्दै आएको छ ।

## सिरहा ...

विरोध प्रदर्शन गरेका थिए । नेपाली कांग्रेस सिरहाका सभापति रामचन्द्र यादवको अध्यक्षतामा भएको विरोध सभालाई केन्द्रबाट खटिएका प्रतिनिधि एवं विरोध सभाका प्रमुख अतिथि डा.प्रकाश शरण महतले सम्बोधन गरेका थिए ।

**प्रदर्शनमा भएको व्यापक सहभागिताले उत्साह थप्यो : कांग्रेस**

नेपाली कांग्रेसले प्रतिनिधि सभा विघटनविरूद्ध गरेको विरोध सभामा भएको जनसहभागिताले पार्टीमा उत्साह थपेको बताएको छ । ७७ वटै जिल्लामा विरोध सभा सम्पन्न भएपछि सभापति शेरबहादुर देउवाले विज्ञप्ति जारी गरेर विरोध सभा व्यापक सहभागिताका साथ सफलतापूर्वक सम्पन्न भएको बताएका छन् । प्रदर्शनमा देखिएको सहभागिताले सरकारको असफलता र कुशासनविरूद्ध जनभावना अभिव्यक्त गरेको देउवाले बताएका छन् । 'प्रदर्शनले के.पी. शर्मा ओली नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको सरकारले गरेको प्रतिनिधि सभा विघटनको असंवैधानिक र अलोकतान्त्रिक, सर्वसत्तावाद उन्मुख कदम एवं मुलुकमा व्याप्त भ्रष्टाचार, कोभिड–१९ नियन्त्रण र व्यवस्थापनमा सरकारको असफलता र कुशासनको विरूद्ध जनभावना अभिव्यक्त गरेको छ,' देउवाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

देउवाले प्रदर्शनमा सहभागी सबैमा पार्टीका तर्फबाट आभार प्रकट गरेका छन् । देउवाले विरोधका कार्यक्रम घोषणा भएदेखि समापन हुँदासम्म अहोरात्र खट्ने जिल्ला कार्यसमिति, भ्रातृ एवं शुभेच्छुक संघ र पार्टीको सबै तहका नेता कार्यकर्तालाई बधाई ज्ञापन गरेका छन् ।

प्रदेश सरकार
प्रदेश २
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल सिरहा

## विषय :– शिलबन्दी कोटेशन सम्वन्धमा

**दोस्रो पटक प्रकाशित मिति २०७७/११/०४**

उपरोक्त सम्बन्धमा यस जिल्ला अस्पताल सिरहामा तलका विभिन्न शिर्षकमा मालसामानहरु खरिद गर्नुपर्ने भएकोले यो शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । ईच्छुक फर्म, संस्था वा कम्पनीले फर्म नविकरण प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र तथा आवश्यक अन्य कागजातहरु पेश गरी तपसिल बमोजिमको फारम दस्तुर नगद वा बैंक भौचर शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३५०००१६०१ खाता नं. १०००२०००१०००० मा जम्मा गरी यस अस्पतालको आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

| सुचना नं. | कामको विवरण | फारम दस्तुर | फारम खरिद अन्तिम मिति र समय | फारम दर्ता अन्तिम मिति र समय | खोल्ने मिति र समय | जम्मा रकम भ्याट वाहेक | धरौटी करम |
|---|---|---|---|---|---|---|---|
| ११/०७७/०७८ | सर्जिकल तथा सर्जिकल सामानहरु | १००० | २०७७/११/१८ ५:०० वजे सम्म | २०७७/११/१९ १२:०० वजे सम्म | २०७७/११/१९ २:०० वजे | ३०००००० | ७५००० |
| १२/०७७/०७८ | ल्याब केमिकल्स तथा एक्सेरेका सामानहरु खरिद | १००० | २०७७/११/१८ ५:०० वजे सम्म | २०७७/११/१९ १२:०० वजे सम्म | २०७७/११/१९ २:०० वजे | ४०००००० | १००००० |

**तपसिल**

१) सिलबन्दी दरभाउ पत्र दाताले रा.वा.बैक सिरहामा रहेको प्रदेश कोष तथा लेखा नियन्त्रकको नाम रहेको धरौटी खता नं. २१३०१००२०२०३०००० र जिल्ला अस्पतालको कार्यालय कोड ३५०००१६०१ मा जमानत रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ । बैंक जमानत ठेक्काअनुसार छुट्टा छुट्टै हुनुपर्ने छ ।

२) सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजानिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनको सोहि समयमा गरिनेछ ।

३) योग्यता र रीत नपुगी तथा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । साथै कुनै शर्त राखी प्रस्ताव स्वीकार गरिने छैन ।

४) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजानिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

५) यसको स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालय मै सुरक्षित रहने छ ।

६) विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**डा.नागेन्द्र प्रसाद यादव**
**मेडिकल सुपरिटेन्डेन्ट**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)